नेपाल सरकार

## गृह मन्त्रालय

# लागू औषध नियन्त्रण शाखा

## सिंहदरबार, काठमाडौं

## लागू औषध तथा पुनर्स्थापना केन्द्रलाई प्रदान गरिने अनुदान (आर्थिक सहायता) का लागि पुनः प्रस्ताव पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना

**पुनः सूचना प्रकाशित मिति : २०७७।११।०३**

**"लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्रलाई प्रदान गरिने अनुदान वितरण कार्यविधि-२०७७"** बमोजिम मिति २०७७/१०/०७ गते गोरखापत्र दैनिकमा प्रकाशित अनुदान (आर्थिक सहायता) वितरण सम्वन्धी सूचना बमोजिम आवेदन केन्द्रहरूबाट प्राप्त प्रस्तावमा ऐ.ऐ. कार्यविधिको दफा ४ र ५ (२) झ बमोजिमको सबै कागजपत्र पुगेको नदेखिएकोले सबै प्रस्तावहरू रद्द गरिएको व्यहोरा जानकारी गराइन्छ। साथै, ऐ.ऐ. कार्यविधिको दफा ४, ५ र ६ बमोजिम कागजात समेत संलग्न राखी यो सूचना प्रकाशन भएको मितिबाट १५ दिनभित्र प्रस्ताव सहित आवेदन पेस गर्न सम्वन्धित सबैका लागि यो सार्वजनिक सूचना पुनः प्रकाशन गरिएको छ। थप जानकारीका लागि यस शाखाको वेबसाइट **drugportal.gov.np** मा हेर्नुहुन वा गृह मन्त्रालय, लागू औषध नियन्त्रण शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

## लागू औषध पुनर्स्थापना केन्द्रलाई प्रदान गरिने अनुदान (आर्थिक सहायता) का लागि प्रस्ताव पेश गर्दा संलग्न हुनुपर्ने कागजातको चेकलिष्ट, २०७७

आवेदन प्रस्तावका साथमा तपसील बमोजिमका सबै कागजपत्रहरुको प्रतिलिपी संलग्न गरेको हुनुपर्नेछ।

| सि.नं. | संलग्न कागजातहरु | संलग्न रहेको/नरहेको | पाना संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि | | | |
| २. | सम्बन्धित संस्था वा व्यवसायिक फर्मको विधानको प्रतिलिपि | | | |
| ३. | मन्त्रालयमा आवद्धताको प्रमाणपत्रको प्रतिलिपि | | | |
| ४. | मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि | | | |
| ५. | अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि | | | |
| ६. | केन्द्र/संस्था रहेको स्थानको नक्सा प्रतिलिपी | | | |
| ७. | अनुसूची २ बमोजिमको निरिक्षण प्रतिवेदन फारम (सम्बन्धित जिल्ला प्रशासन कार्यालयले तयार गरेको) | | | |
| ८. | संस्थाको वित्तिय, भौतिक र मानव संशाधन सम्बन्धी विवरण (अनुसूची ३ बमोजिम ढाँचामा) | | | |
| ९. | अनुदान प्राप्त पश्चात गरिने संक्षिप्त कार्ययोजना (अनुसूची ४ बमोजिम ढाँचामा) | | | |
| १०. | अघिल्लो आ.व.को लेखा समितिको बार्षिक प्रतिवेदनको प्रतिलिपी | | | |
| ११. | बार्षिक साधारण सभा संचालन गरेको माइन्युटको प्रतिलिपी | | | |
| १२. | विभिन्न निकायबाट अनुदान वा सहयोग प्राप्त गरी सञ्चालन भईरहेको संस्थाको हकमा दफा ३ को उपदफा (१) ख बमोजिमको वाहेक अन्य अनुदान नलिएको भनि स्वघोषणा गरेको कागज प्रतिलिपी। | | | |
| १३. | उपचार तथा परामर्श सेवा उपलब्ध गराउने मनोचिकित्सकसँग सम्झौता गरेको कागज प्रतिलिपी | | | |
| १४. | संचालक समिति र लेखा समितिको आवेदन दिनु अगाडि सम्मको कुनै मितिमा भएको निर्वाचनको प्रमाण खुल्ने कागज प्रतिलिपी | | | |
| १५. | अघिल्लो आ.व.को संस्था/केन्द्रको बार्षिक लेखापरिक्षण प्रतिवेदन प्रतिलिपी | | | |

माथी उल्लिखित सि.नं.१ देखि १७ सम्मका कागजात ठिक दुरुस्त छन्।

प्रमाणित गर्ने (संस्थाको तर्फबाट)

प्रमुखको नाम,थरः

दस्तखतः

पदः

मितिः

कार्यालयको छाप

**द्रष्टव्यः**

क) सबै कागजातहरुको पाना पछाडि सक्कल बमोजिम नक्कल दुरुस्त छ, भनी कार्यालयको छाप सहित हस्ताक्षर गरेको हुनुपर्ने छ।

ख) संस्थाको वित्तिय, भौतिक र मानव संसाधन सम्बन्धी अनुसूची-३ बमोजिमको फारामसँगै पुष्टयाईं हुने कागजातहरु (संझौता,नियुक्ती, कार्यक्रम संचालन आदी) संलग्न गर्नुपर्ने छ।

ग) अनुदान प्राप्त पश्चात गरिने संक्षिप्त कार्ययोजना आर्थिक सहायताको रकम कुन कुन प्रयोजनको लागि खर्च गरिने हो कार्यक्रमको विवरण स्पष्ट उल्लेख भएको हुनुपर्ने छ।

घ) कुनै द्विविधा भएमा थप जानकारीको लागि गृह मन्त्रालय लागू औषध नियन्त्रण शाखाको फोन नं. ०१-४२११२२२, ०१-४२११२८४ मा सम्पर्क गर्न सक्नुहुने छ।